कम्पनीले आफ्नो जारी पूँजी रु. ३,०७,५०,५०,०००/- को ४० प्रतिशत अर्थात रु.१,२३,००,२०,०००/- (अक्षरेपी एक अर्ब तेईस करोड बीस हजार रुपैयाँ मात्र) रकम बराबरको कूल १,२३,००,२०० कित्ता साधारण शेयरहरुको प्राथमिक सार्वजनिक निष्काशन गर्न लागेको । जसमध्ये १५,३७,५२५ कित्ता अर्थात जारी पूँजीको ५ प्रतिशतले हुने शेयर कित्ता उद्योग प्रभावित क्षेत्र: दाङ्ग र रोल्पा जिल्लाका स्थानीय बासिन्दाहरुका लागि प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१२५/- थप गरी प्रति शेयर जम्मा रु.२२५/- दरमा निष्काशन गर्न छुट्याईएको र उक्त स्थानीय बासिन्दाहरुको लागि छुट्याईएको शेयरमा पूर्ण रुपमा आवेदन पर्न नआएमा बाँकी रहेको शेयर समेत सर्वसाधारणमा निष्काशन गरिने शेयरमा थप गरी सोही अनुपातमा सार्वजनिक निष्काशनको १० प्रतिशतले हुन आउने शेयर कित्ता अर्थात १०,७६,२६८ कित्ता प्रति शेयर अंकित मूल्य रु. १००/- मा प्रिमियम वापत रु.१३७/५८ थप गरी प्रति शेयर जम्मा मूल्य रु. २३७/५८ दरमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरिएको ।

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या :	१० कित्ता	दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या :	१५,००,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या :	१०,७६,२६८ कित्ता

नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

SONAPUR MINERALS AND OIL LTD.

सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
SONAPUR MINERALS AND OIL LIMITED

रजिष्टर्ड कार्यालय : वडा नं. ०९, काठमाडौं, नेपाल
फोन नं.: +९७७-०१-४४७८०२८
Email: admin@sonacement.com Website: www.sonacement.com

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

आह्वान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो ।

नेटवर्थ सम्बन्धि विवरण

विवरण	वास्तविक			अपरिष्कृत २०८० आषाढ मसान्त	प्रक्षेपित		
	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९		आ.व. ०८०/०८१	आ.व. ०८१/०८२	आ.व. ०८२/०८३
प्रति शेयर नेटवर्थ (रु.)	११९.४०	१३५.५४	१४२.०१	१४९.८१	२०१.६५	२१५.९७	२२९.५२
प्रति शेयर आम्दानी (रु.)	१०.३५	१६.१४	६.४७	७.८	१७.५८	२२.३१	२३.५५
नेटवर्थमा प्रतिफल (%)	८.६७	११.९१	४.५६	५.२१	८.७२	१०.३३	१०.२६
रिजर्भ एण्ड सर्प्लस (रु. हजारमा)	३५८,०१८	६५५,७७५	७७५,१२४	९१९,०८९	३,१२५,९१६	३,४६५,९८९	३,९८२,७०३

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति :	२०८०/०४/२९ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८०/०५/११ गते (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/०५/२६ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१२५/- थप गरि प्रति शेयर अंकित मूल्य रु.२२५/- शतप्रतिशत भुक्तानी गर्नुपर्ने

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति :	२०८०/०४/२९ गते
निष्काशन बन्द हुने मिति :	२०८०/०५/११ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१३७.५८ थप गरि प्रति शेयर रु.२३७.५८ शतप्रतिशत भुक्तानी गर्नुपर्ने

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

कम्पनीले प्राप्त गरेको उत्खनन् अनुमतिको बाँकी अवधि :
- अनुमतिपत्र नं. ८०/०६६/६७ को बहाल रहने अवधि मिति २०६६/०९/०९ देखि २०८६/०९/०८ सम्म रहेकोले ६ वर्ष बाँकी रहेको छ ।
- अनुमति पत्र नं. २१३/०७१/७२ को बहाल रहने अवधि मिति २०७२/०२/२९ देखि २०९२/०२/२८ सम्म रहेकोले १२ वर्ष बाँकी रहेको छ ।
- अनुमति पत्र नं. ११४/०६७/६८ को बहाल रहने अवधि मिति २०६७/०९/२७ देखि २०९७/०९/२६ सम्म रहेकोले १७ वर्ष बाँकी रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूयर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०७९/०८/१५ मा क्रेडिट रेटिङ्ग गराई **"IRN BBB-(Is) [Tripple B Minus (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ । **जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate degree of safety regarding timely servicing of financial obligations)** मानिन्छ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "IRN AAA (Is)" ले बलियो आधार जनाउँछ भने "IRN D (Is)" ले कमजोर आधार जनाउँछ । उक्त विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२ (ट) मा समेत उल्लेख गरिएको छ ।

रेटिङ्ग प्राप्त गरेको मिति : २०७९/०८/१५ (सन् २०२२, डिसेम्बर ०१)   बहाल रहने मिति : २०८०/०८/१४ (सन् २०२३, नोभेम्बर ३०)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८०/०४/१७, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०४/१८,

१. संस्थाको नाम सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड (Sonapur Minerals and Oil Limited)

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं. ०९, मा रहेको छ ।

३. संस्थाको रजिष्टर्ड ठेगाना कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भएको ।

४. कारोवार गर्ने मुख्य स्थान

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०९ मा रहेको छ । कम्पनीको कारखाना स्थल दाङ्ग जिल्ला साविक विजौरी गा.वि.स. वडा नं. १ हालको परिवर्तित तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा रहेको छ र आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सम्बन्धित निकायबाट स्वीकृति लिई रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न तथा शाखा कार्यालयहरु खेल्न वा बन्द गर्न सक्नेछ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

१. सोनापुर मिनरल्स् एण्ड आयल प्राईभेट लिमिटेड (प्रा.लि. नं. ५३९६८) मिति २०६५/०२/२१ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७७/०४/०७ मा प्राईभेट लिमिटेडबाट पब्लिक लिमिटेड (लि.नं. २३९०८१) कम्पनीमा परिणत भई कारोबार गर्दै आएको छ ।
२. क्लिंकर तथा सिमेन्ट उत्पादन गर्ने उद्देश्य उल्लेख भई ठूला उद्योगको रुपमा यस कम्पनीले मिति २०६५/१०/०६ गते उद्योग विभागबाट उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. ५८६/१७२) प्राप्त गरेको छ । यस कम्पनीको स्थायी लेखा नम्बर ३०३०१६३२४ रहेको छ ।
३. दाङ्ग जिल्ला, तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा अवस्थित ८६ विघा जमिनमा फैलिएको प्लान्टले सन् २०१२ (वि.सं. २०६९ साल जेष्ठ महिना) देखि क्लिंकर र सिमेन्ट उत्पादन गर्दै आएको छ । यसको उत्पादन दायराले ग्राहकको विकासशिल आवश्यकता अनुसार Ordinary Protland Cement (OPC) र Pozzolana Portland Cement (PPC) समावेश गर्दछ ।
४. कम्पनीले प्रदेश ५ दाङ्ग जिल्लाको बङ्गलाचुली गाउँपालिका (उत्खनन् स्थल) को ४.१६५ वर्ग कि.मि. क्षेत्रमा चुनढुङ्गाको उत्खनन् कार्यका लागि खानी तथा भुगर्भ विभागबाट मिति २०६७/०९/२७ को प्राप्त अनुमति पत्र नं. ११४/०६७/६८ बाट मिति २०६७/०९/२७ देखि २०९७/०९/२६ सम्म बहाल रहने गरी अनुमति प्राप्त गरेको छ ।
५. कम्पनीले राप्ती अञ्चल रोल्पा जिल्लाको रुन्टीगढी गाउँपालिका (उत्खनन् स्थल) को ४.५० वर्ग कि.मि. क्षेत्रमा चुनढुङ्गाको उत्खनन् कार्यका लागि खानी तथा भुगर्भ विभागबाट मिति २०६६/०९/०९ को प्राप्त अनुमति पत्र नं. ८०/०६६/६७ बाट मिति २०६६/०९/०९ देखि २०८६/०९/०८ सम्म बहाल रहने गरी अनुमति प्राप्त गरेको छ ।
६. कम्पनीले राप्ती अञ्चल रोल्पा जिल्लाको रुन्टीगढी गाउँपालिका (उत्खनन् स्थल) को ३.०० वर्ग कि.मि. क्षेत्रमा चुनढुङ्गाको उत्खनन् कार्यका लागि खानी तथा भुगर्भ विभागबाट मिति २०७२/०२/२९ को प्राप्त अनुमति पत्र नं. २१३/०७१/७२ बाट मिति २०७२/०२/२९ देखि २०९२/०२/२८ सम्म बहाल रहने गरी अनुमति प्राप्त गरेको छ ।
७. राप्ती अञ्चल दाङ्ग जिल्लाको चुनढुङ्गा उत्खनन्को क्षमता वृद्धिको लागि तयार गरिएको संशोधन सहितको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), उद्योग मन्त्रालय, उद्योग विभागबाट मिति २०७५/०९/०८ गते स्वीकृत प्राप्त गरेको छ । रोल्पा जिल्लामा आफ्नै चुनढुङ्गा खानीबाट उत्खनन् गर्न प्राप्त गरेको अनुमतिपत्रको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), उद्योग मन्त्रालय, खानी तथा भू-गर्भ विभागबाट स्वीकृत प्राप्त गरेको छ ।
८. कम्पनीले पूँजी तथा क्षमता वृद्धि सम्बन्धमा उद्योग विभागबाट मिति २०७५/०९/१० गतेको पत्र मार्फत पूँजी तथा क्षमता वृद्धि र बिद्युत शक्ति थप गर्ने अनुमति प्राप्त गरेको छ । संशोधित क्षमता अनुसार Ordinary Portland Cement (OPC) को वार्षिक क्षमता १,७२,०७२ मे.ट., Portland Pozzolana Cement (PPC) को वार्षिक क्षमता ५,४९,४८० मे.ट., Portland Slag Cement (PSC) को वार्षिक क्षमता ४९,९२४ मे.ट., र Clinker (Direct Sale) को वार्षिक क्षमता २,१३,३५७ मे.ट. तथा बिद्युत शक्ति २२,००० के.भी.ए. रहेको छ ।
९. कम्पनीको क्षमता अभिवृद्धि सम्बन्धी संशोधित वातारणीय परिक्षण प्रतिवेदन मिति २०७५/०९/०८ गतेको निर्णयानुसार उद्योग विभागबाट स्वीकृति प्राप्त भएको छ ।
१०. उद्योगको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

उद्योग रहेको स्थल	दाङ्ग जिल्ला, तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ (साविक बिजौरी गा.वि.स. १)
उद्योगको किसिम	उत्पादनमूलक (Manufacturing)
उत्पादन शुरु भएको मिति	२०६९/०२/१८
उद्योगको कुल लागत	रु. ८,७१,००,००,०००/-
उद्योगको क्षमता	क्लिङ्कर (Direct Sale) -२,१३,३५७ मे.ट., ओ.पि.सि. (OPC) -१,७२,०७२ मे.ट., पि.पि.सि. (PPC) -५,४९,४८० मे.ट., पि.एस.सि. (PSC) -४९,९२४ मे.ट.
उद्योगले प्रयोगमा ल्याएको प्रविधि	5 stage Preheater Dry process base क्लिङ्कर प्रोडक्सन तथा सिमेन्ट प्रोडक्सन along with VRM, HRP तथा Ball Mills टेक्नोलोजी

यस कम्पनीको प्रबन्धपत्रको दफा ४ मा देहाय बमोजिमका मुख्य उद्देश्यहरु रहेका छन् :
१. नेपाल सरकारको नीति विपरीत नहुने गरी सिमेन्ट, क्लिंकर उत्पादन गर्ने र स्वदेशमा बिक्री गर्ने तथा विदेशमा निर्यात गर्ने कार्य गर्न ।
२. मुख्य कच्चा पदार्थ चुनढुङ्गा स्वदेशमा खरिद गर्ने चुनढुङ्गाको खानी संचालन गर्ने, उत्खनन् गर्ने ।
३. मुख्य कच्चा पदार्थ चुनढुङ्गाको खानीको लागि नेपाल सरकारद्वारा आह्वान गरिएको टेण्डरमा सहभागी भई खानी प्राप्त गर्ने र संचालन गर्ने ।
४. जिप्सन, अक्साईड, आइरन ओर र डष्ट, कोईला, फ्लाईएश स्याल्याक जस्ता सहायक कच्चा पदार्थ तथा अन्य प्याकिङ्ग मेटेरियल स्वदेशमा खरिद गर्ने वा विदेशबाट आयात गर्ने ।
५. उद्योगलाई चाहिने मेसिन उपकरणहरु तथा विद्युतिय उपकरणहरु, स्पेयर पार्ट्स, स्वदेशमा खरिद गर्ने तथा विदेशबाट आयात गर्ने ।
६. चुनढुङ्गा खानी विभिन्न संघ-संस्था व्यक्तिसँग करार गरी संचालन गर्ने ।
७. कम्पनीबाट उत्पादित सिमेन्ट सम्बन्धित निकायसँग इजाजत लिनुपर्ने भएमा सो लिएर भारत तथा अन्य मुलुकमा निकासी गर्ने ।
८. लाइमस्टोन, कोइला, फलाम तथा अन्य खनिज जन्य खानीको खोजतलास गर्ने, उत्खनन् गर्ने तथा संचालन गर्ने ।
९. जलविद्युत क्षेत्रमा र अन्य आधारभुत र खनिज जन्य उद्योग क्षेत्रमा यस लिमिटेडको आफ्नै वा अन्य कम्पनीको संयुक्त लगानी समावेश गराई कारोबार संचालन गर्ने ।
१०. कम्पनीले विभिन्न स्थानमा आफ्ना बिक्री डिपोहरु राखी उत्पादित सिमेन्ट बिक्री गर्ने र उत्पादित सिमेन्ट बिक्रीको लागि डिलर, सब-डिलर वा प्रतिनिधी नियुक्त गरी कार्य गर्ने ।
११. सिमेन्ट उत्पादन सम्बन्धी अध्ययन, अन्वेषण र अनुसन्धान कार्य गर्ने ।
१२. प्राकृतिक ग्यास तथा पेट्रोलियम पदार्थहरु : पेट्रोल, डिजेल, मोबिल, मट्टितेल समेत आयात गरी बिक्री वितरण गर्ने गराउने तथा पेट्रोलपम्प संचालन गरी पेट्रोलियम पदार्थ नेपालभरी बिक्री वितरण गर्ने, गराउने ।
१३. भारत, चिन तथा तेश्रो मुलुकको खाडी राष्ट्रबाट कच्चा ग्यास तथा पेट्रोलियम पदार्थहरु आयात गरी सो पेट्रोलियम पदार्थ रिफाइन गरी स्थानीय बजारमा बिक्री वितरण गर्ने, गराउने ।
१४. भारत, चिन तथा तेश्रो मुलुकबाट प्रशोधित पेट्रोलियम पदार्थहरु : पेट्रोल, डिजेल, मोबिल, मट्टीतेल समेत आयात गरी बिक्री वितरण गर्ने, गराउने ।
१५. ग्यास तथा पेट्रोलियम पदार्थ सम्बन्धी अन्य कार्य गर्ने ।
१६. कम्पनीलाई आवश्यक पर्ने यन्त्र, उपकरण, मेसिन, औजार आयात गर्ने ।
१७. कम्पनीलाई आवश्यक पर्ने जग्गा खरिद/बिक्री गर्ने ।
१८. माथि उल्लेखित कार्य गर्दा गराउँदा स्वदेशी प्राविधिकबाट गर्ने गराउने । स्वदेशी जनशक्तिबाट उपरोक्त कार्य पूर्ण नभएमा सम्बन्धित निकायको स्वीकृतिमा विदेशी जनशक्ति वा प्राविधिकबाट समेत उपरोक्त कार्य गर्ने, गराउने ।
१९. कम्पनीबाट समान उद्देश्य भएका कुनै पनि कम्पनीसँग Joint Venture गरी उपरोक्त कार्य गर्ने, गराउने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी

अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :
- **अधिकृत पूँजी (Authorised Capital):** यस कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी (Issued Capital):** यस कम्पनीको जारी पूँजी रु.३,०७,५०,५०,०००/- (अक्षरेपी तीन अर्ब सात करोड पचास लाख पचास हजार रुपैयाँ मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३,०७,५०,५०० (तीन करोड सात लाख पचास हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी (Paid up Capital):** हाल यस कम्पनीको चुक्ता पूँजी रु.१,८४,५०,३०,०००/- (अक्षरेपी एक अर्ब चौरासी करोड पचास लाख तीस हजार रुपैयाँ मात्र) रहेको छ । उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई र सर्वसाधारणलाई शेयर जारी गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.३,०७,५०,५०,०००/- (अक्षरेपी तीन अर्ब सात करोड पचास लाख पचास हजार रुपैयाँ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३,०७,५०,५०० (तीन करोड सात लाख पचास हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिनेछ ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

प्राथमिक शेयरको सार्वजनिक निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	१,८४,५०,३००	६०%	१,८४,५०,३०,०००/-	शतप्रतिशत
ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	१,२३,००,२००	४०%	१,२३,००,२०,०००/-	निष्काशन पश्चात् शतप्रतिशत
	जम्मा	३,०७,५०,५००	१००%	३,०७,५०,५०,०००/-	

शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :

खाताको नाम	निष्काशन पूर्व (रु.)	निष्काशन पश्चात् (रु.)
शेयर प्रिमियम खाता	नरहेको	१,६६६,१४९,७३८.३६

८. संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था

यस कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार कम्तीमा एक जना महिला सहित ७ (सात) जना सञ्चालक रहेको सञ्चालक समिति रहने व्यवस्था रहेकोले देहाय बमोजिम हुने गरि संचालक समिति रहेको छ :

विवरण	संख्या
संस्थापक शेयरधनी	४ (चार जना)
सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित	२ (दुई जना)
स्वतन्त्र / विशेषज्ञ	१ (एक जना)

संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

महिला संचालकको नियुक्ती सर्वसाधारण शेयरधनी समूहबाट गरिनेछ । कम्पनीको शेयर सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी भए पश्चात् मात्र सर्वसाधारण शेयरधनी समूहबाट संचालकको नियुक्ती गरिनेछ ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या :
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुरुप संचालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

९. आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसाय अनुभव

आधारभूत शेयरधनीहरुको विवरण

सि.नं.	शेयरधनीको नाम तथा ठेगाना	उमेर (वर्ष)	राष्ट्रियता	शैक्षिक योग्यता	शेयर स्वामित्व	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय	अन्य व्यवसाय
१.	निपेश तायल भद्रपुर न.पा. वडा नं.२, झापा	४५	नेपाली	कक्षा १२ सम्म	४,८६१,४४४	• डिजाईनिङ्ग, मार्केटिङ्ग तथा आयात व्यवसायमा संलग्न रहि सन् १९९८ मा आफ्नै ब्राण्डको एभरेष्ट साइकल सिर्जना गरिएको, • सन् २००४-२००७ सम्म Electro Appliances Pvt. Ltd. मा संस्थापकको रुपमा कार्यानुभव • ए.एन. माइनिङ्ग प्रा.लि. (खनीज उद्योग) को संचालक अध्यक्षमा विगत २ वर्ष देखि हाल सम्मको कार्यानुभव • भद्रकाली रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि. (गम रोजिन र टरपेन्टाइन आयलको निर्यातकर्ता) मा सन् २००२ देखि २०२१ सम्म संचालकको रुपमा कार्यरत रही १९ वर्षको कार्यानुभव, • एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि.मा सन २०२० देखि संचालक अध्यक्षको रुपमा कार्यरत, • हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक पदमा आवद्ध, • सोनापुर मिनरल्स् एण्ड आयल लि.मा विगत १४ वर्ष देखि संस्थापक संचालक रही हाल प्रबन्ध संचालकको पदमा रहनुभएको, • अन्य विभिन्न व्यापार व्यवसायमा २० वर्षको कार्यानुभव	व्यवसाय	-
२.	प्रकाश तायल भद्रपुर न.पा. वडा नं.५, झापा	६१	नेपाली	स्नातक (अर्थशास्त्र)	१,५७४,८०७	• प्रकाश कन्सर्नमा विगत ३८ वर्ष देखि हालसम्म प्रोपराइटरको रुपमा व्यापार व्यवसायमा संलग्न, • गंगा रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रिज (९५ प्रतिशत निर्यात गर्ने उद्योग) मा वि.स. २०५६ देखि हालसम्म प्रोपराइटरको रुपमा आवद्ध, • आर.पी.माइनिङ्ग प्रा.लि.(खनीज उद्योग) मा संचालकको पदमा विगत २ वर्ष देखि हालसम्मको अनुभव • हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक पदमा आवद्ध, • सोनापुर मिनरल्स् एण्ड आयल लि.मा वि.स. २०७७ देखि संचालकको रुपमा रहनुभएको लगायत विभिन्न उद्योग, व्यापार व्यवसाय समेतको ३८ वर्ष भन्दा बढीको कार्यानुभव	व्यवसाय	-
३.	रतन लाल तायल भद्रपुर न.पा. वडा नं.५, झापा	६५	नेपाली	कक्षा १२ सम्म	१,५७४,८०६	• हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक अध्यक्षको पदमा आवद्ध, • स्वस्तिक रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि. मा संचालक अध्यक्षको रुपमा हालसम्मको कार्यनुभव • आर.पी.माइनिङ्ग प्रा.लि.(खनीज उद्योग) मा संचालक अध्यक्षको पदमा विगत २ वर्षको अनुभव, • सोनापुर मिनरल्स् एण्ड आयल लि.को विगत ४ वर्षदेखि संचालक अध्यक्ष तथा विभिन्न व्यापार व्यवसायमा आवद्ध रही हाल ४० वर्षको कार्यानुभव	व्यवसाय	-
४.	असोक तायल भद्रपुर न.पा. वडा नं.२, झापा	५७	नेपाली	MD in Radiology (BSMMU, Dhaka)	८३७,६३८	• रेडियोलोजिको क्षेत्रमा २००३ देखि हाल सम्म कार्य गरिरहेको, • हेटौडा डाइग्नोष्टिक सेन्टर प्रा.लि.मा ३ वर्ष देखि संचालकको रुपमा कार्यरत, • भवानी केमिकल्स प्रा.लि.मा वि.स. २०६४ देखि हालसम्म संचालक रही समग्रमा १९ वर्ष भन्दा बढीको कार्यानुभव	व्यवसाय	-
५.	आर.पी. माईनिङ्ग प्रा.लि. का.म.न.पा.वडा नं ९	लागू नहुने	नेपाली	लागू नहुने	४,८५८,५७७	लागू नहुने	लागू नहुने	-
६.	ए.एन. माईनिङ्ग प्रा.लि. का.म.न.पा.वडा नं ९	लागू नहुने	नेपाली	लागू नहुने	३,८३५,८७१	लागू नहुने	लागू नहुने	-
७.	एलिसा पाण्डे गरामनी-०१, झापा	२७	नेपाली	स्नातक (वित्तीय तथा व्यापार व्यवस्थापन)	१८४,५०२	Mcdonald's Australia, Soul Origin Private Limited, Australia मा Customer Service Department मा कुल ५.५ वर्षको कार्यानुभव	व्यवसाय/पारिश्रमिक	-
८.	कल्पना शर्मा गरामनी-०६, झापा	४२	नेपाली	कक्षा १२ सम्म	४६१,२५५	Pick and Save Store को प्रोप्राइटर रही ७ वर्षको कार्यानुभव Eagle Tech Nepal मा विगत तीन वर्षदेखी हाल सम्म व्यवस्थापकीयको कार्यानुभव	व्यवसाय	-
९.	इन्द्र प्रसाई अर्जुनधारा-०८, झापा	५०	नेपाली	डिप्लोमा (अंग्रेजी अर्थशास्त्र)	२६१,४००	गंगा रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रिजमा व्यवस्थपकीयको कार्यानुभव	व्यवसाय	-

संचालकहरुको विवरण (नाम, ठेगाना र ग्रहण गरेको शेयर स्वामित्व) :

क्र.सं.	संचालकको नाम तथा ठेगाना	पद	राष्ट्रियता	शेयर स्वामित्व	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय	अन्य व्यवसाय
१.	श्री रतन लाल तायल भद्रपुर न.पा. वडा नं.५, झापा	अध्यक्ष	नेपाली	१,५७४,८०६	• हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक अध्यक्षको पदमा आवद्ध, • स्वस्तिक रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि. मा संचालक अध्यक्षको रुपमा हालसम्मको कार्यनुभव • आर.पी. माइनिङ्ग प्रा.लि.(खनीज उद्योग) मा संचालक अध्यक्षको पदमा विगत २ वर्षको अनुभव, • सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडको विगत ४ वर्षदेखि संचालक अध्यक्ष तथा विभिन्न व्यापार व्यवसायमा आवद्ध रही ४० वर्षको कार्यानुभव	व्यवसाय	-
२.	श्री निपेश तायल भद्रपुर न.पा. वडा नं.२, झापा	प्रबन्ध संचालक	नेपाली	४,८६१,४४४	• डिजाईनिङ्ग, मार्केटिङ्ग तथा आयात व्यवसायमा संलग्न रहि सन् १९९८ मा आफ्नै ब्राण्डको एभरेष्ट साइकल सिर्जना गरिएको, • सन् २००४-२००७ सम्म Electro Appliances Pvt. Ltd. मा संस्थापकको रुपमा कार्यानुभव • ए.एन. माइनिङ्ग प्रा.लि. (खनीज उद्योग) को संचालक अध्यक्षमा विगत २ वर्ष देखि हाल सम्मको कार्यानुभव • भद्रकाली रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि. (गम रोजिन र टर्पेन्टाइन आयलको निर्यातकर्ता) मा सन् २००२ देखि २०२१ सम्म संचालकको रुपमा कार्यरत रही १९ वर्षको कार्यानुभव, • एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि.मा सन् २०२० देखि संचालक अध्यक्षको रुपमा कार्यरत, • हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक पदमा आवद्ध, • सोनापुर मिनरल्स् एण्ड आयल लि.मा विगत १४ वर्ष देखि संस्थापक संचालक रही हाल प्रबन्ध संचालकको पदमा रहनुभएको, • अन्य विभिन्न व्यापार व्यवसायमा २० वर्षको कार्यानुभव	व्यवसाय	-
३.	श्री प्रकाश तायल भद्रपुर न.पा. वडा नं.५, झापा	संचालक	नेपाली	१,५७४,८०७	• प्रकाश कन्सर्नमा विगत ३८ वर्ष देखि हालसम्म प्रोपराइटरको रुपमा व्यापार व्यवसायमा संलग्न, • गंगा रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रिज (९५ प्रतिशत निर्यात गर्ने उद्योग) मा वि.स. २०५६ देखि हालसम्म प्रोपराइटरको रुपमा आवद्ध, • आर.पी.माइनिङ्ग प्रा.लि. (खनीज उद्योग) मा संचालकको पदमा विगत २ वर्ष देखि हालसम्मको अनुभव • हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक पदमा आवद्ध, • सोनापुर मिनरल्स् एण्ड आयल लि.मा वि.स. २०७७ देखि संचालकको रुपमा रहनु भएको लगायत विभिन्न उद्योग, व्यापार व्यवसाय समेतको ३८ वर्ष भन्दा बढीको कार्यानुभव	व्यवसाय	-
४.	श्री भिम प्रशाद पाठक घोडाघोडी न.पा. वडा नं. १, कैलाली	संचालक	नेपाली	-	• वि.स. २०६१ देखि २०६५ सम्म भद्रकाली रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि., भवानी केमिकल्स प्रा.लि., हिमाल रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि. मा व्यवस्थापकीय को कार्यानुभव, • वि.स. २०६५ देखि २०७० सम्म गंगा रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज, सूर्य शक्ति अक्सिजन ग्यास उद्योग, बालाजी कथ्था उद्योग प्रा.लि. मा व्यवस्थापकीय को कार्यानुभव, • वि.स. २०७१ देखि सोनापुर मिनरल्स् एण्ड आयल लि.को महाप्रबन्धक रही हाल संचालक रुपमा कार्यरत रहनु भएको, • ए.एन. माईनिङ्ग प्रा.लि. (खनीज उद्योग) को संचालक पदमा विगत २ वर्ष देखि हाल सम्मको कार्यानुभव, • स्वस्तिक रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि., एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि.मा हाल संचालकको पदमा कार्यरत रही अन्य विभिन्न व्यापार व्यवसायमा १८ वर्षको कार्यानुभव ।	व्यवसाय/पारिश्रमिक	-
५.	श्री एलिसा पाण्डे	संचालक	नेपाली	१८४,५०२	Mcdonald's Australia, Soul Origin Private Limited, Australia मा Customer Service Department मा कुल ५.५ वर्षको कार्यानुभव	व्यवसाय	-

१०. धितोपत्र जारी गर्नुको उद्देश्य

१. यस कम्पनीको जारी पूंजी रु.३,०७,५०,५०,०००/- (अक्षरेपी तीन अर्ब सात करोड पचास लाख पचास हजार रुपैयाँ मात्र) मध्ये जारी पूंजीको ४० प्रतिशतले हुन आउने १,२३,००,२०० कित्ता (५ प्रतिशत अर्थात १५,३७,५२५ कित्ता शेयर उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि र ३५ प्रतिशत अर्थात १,०७,६२,६७५ कित्ता शेयर सर्वसाधारणका लागि) साधारण शेयरहरुको सार्वजनिक निष्काशन गर्न लागिएको हो । सर्वसाधारणमा शेयर जारी गरी संगठित संस्थामा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो ।
२. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
३. संकलन भएको पूँजीलाई अधिकतम प्रयोग गरी व्यवसायको विकास गरी शेयरधनी लगानीकर्तालाई उच्चतम प्रतिफल सुनिश्चित गर्ने ।

११. सिमित दायित्व सम्बन्धी विवरण

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ । तर, कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेश्रो पक्षसंग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुनेछैन ।

१२. सकारात्मक पक्षहरु

- मेशिनरी जडान पश्चात् अत्याधुनिक VRM प्रविधिको प्रयोग गरी क्लिङ्कर उत्पादन गरिने ।
- विश्वस्तरीय HRP प्रविधिबाट सिमेन्टको उत्पादन गरिरहेको ।
- उच्च गुणस्तरको चुनढुङ्गा प्रयोग वापत गुणस्तरीय सिमेन्ट उत्पादन ।
- उद्योग क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- उद्योगले अत्याधुनिक उपकरण, प्रविधि, दक्ष जनशक्ति, कुशल तथा अनुभवी व्यवस्थापनको कारण प्रतिस्पर्धामा आफुलाई सम्मानजनक स्थानमा राख्न सफल भएको ।
- आर्थिक र प्रतिस्पर्धी व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।
- वातावरणीय वायु प्रदुषण नियन्त्रणको लागि ब्याग फिल्टर, ब्याग हाउस र Electrostatic Precipitator (ESP) जस्तो आधुनिक संयन्त्रहरुलाई प्रयोगमा ल्याएको छ ।
- नेपाल गुणस्तर तथा नापतौल विभागबाट ४३ ग्रेड को ओ.पि.सी. सिमेन्ट उत्पादन तथा बिक्री वितरणको इजाजतपत्र प्राप्त गरी सकेको ।
- उद्योगमा २४ सै घण्टा आफ्नै अत्याधुनिक ल्याबबाट उत्पादन परीक्षण गर्ने व्यवस्था भएको ।
- चुनढुङ्गाको गुणस्तर परिक्षणको लागि स्वचालित ED-XRF Machinery उद्योग मै जडित ।
- विद्युतको लोडसेडिङ्ग भएमा उद्योगसँग १५०० के.भी.ए का ५ सेट जेनेरेटर गरी जेनेरेटर द्वारा कुल ७५०० के.भी.ए. विद्युत उत्पादन गर्ने क्षमताको वैकल्पिक व्यवस्था रहेको ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको वासलात, नाफा नोक्सान, विवरण सहितको संक्षिप्त वित्तीय विवरण:

यस कम्पनीको संचालन अवधि भरको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, सहितको वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

वासलात — रकम रु.

विवरण	वास्तविक (रु. हजारमा)			आ.व. २०७९/०८० अपरिष्कृत (रु. हजारमा)
	आ.व २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
गैर चालु सम्पत्ति				
सम्पत्ति, प्लान्ट र उपकरण	५,५७६,२४४	६,२५९,७१३	७,०८९,९०८	७,७११,०३८
अमूर्त सम्पत्ति	४७५	२९८	१४९	-
वित्तीय सम्पत्ति				
लगानी	-	-	-	-
स्थगन कर सम्पत्ति	-	-	-	-
अन्य गैर चालु सम्पत्ति	४,०६२	४,४६३	६,४८०	६,४८०
जम्मा गैर चालु सम्पत्ति	**५,५८०,७८०**	**६,२६४,४७४**	**७,०९६,५३७**	**७,७१७,५१८**
चालु सम्पत्ति				
मौज्दात	१,०७६,३८६	१,३६७,००२	१,१८६,९५७	१,९८३,१०७
अग्रिम भुक्तानी	१,६१४	१,३९१	१,१६९	३१९
अन्य चालु सम्पत्ति	२०,२५५	६१,०३७	५,९३७	४,९३६
वित्तीय सम्पत्ति				
ऋण तथा पेश्कीहरु	४६,१६२	१०७,५७१	२५६,९१०	७९,५३४
व्यापार प्राप्तिहरु	९५०,०८८	७९३,७५५	७५५,७५८	७९३,४२९
अन्य वित्तीय सम्पत्ति	२९,३०५	३०,९२०	२३,९२४	२८,३७९
नगद र नगद बराबर	१९,७५८	११,८६८	८,६७३	२०,००३
लगानी	-	-	१९,०८४	८,७७३
जम्मा चालु सम्पत्ति	**२,१४३,५६७**	**२,३७३,५४३**	**२,२५८,४१२**	**२,९१८,४८९**
कुल सम्पत्ति	**७,७२४,३४७**	**८,६३८,०१८**	**९,३५४,९४९**	**१०,६३६,००६**
दायित्वहरु				
गैर चालु दायित्वहरु				
स्थगन कर दायित्व	६५,५६५	७३,४८५	७७,०३७	८१,३८१
वित्तीय दायित्वहरु				
दीर्घकालीन बैंक ऋण	२,९८४,३३८	३,३१९,२८७	३,७०१,४७६	३,७९५,९१८
व्यापार भुक्तानीहरु	२९२,७६७	२८७,१८६	४९१,४६५	-
अन्य गैर चालु दायित्वहरु	-	-	-	-
प्रावधानहरु	१०,१८४	११,९३४	१३,०३०	१४,१६७
जम्मा गैर चालु दायित्वहरु	**३,३४३,५५५**	**३,६९१,९९२**	**४,२८३,००८**	**३,८९१,४६७**
चालु दायित्व				
प्रावधानहरु	२८,५२१	४३,०७१	२९,२८५	२२,८९९
वित्तीय दायित्वहरु				
अल्पकालीन बैंक ऋण	१,४८८,३४४	१,४०३,३५४	१,७९९,१२४	२,८८३,८३७
व्यापारमा तिर्नुपर्ने	३१०,५४५	११३,१४९	१४७,०६४	१९८,९९६
अन्य वित्तीय दायित्वहरु	३१३,६३८	८४४,१६४	४३०,५६८	८१९,०९५
अन्य चालु दायित्वहरु	२६,४०७	४१,५९४	४५,७४६	५५,५७३
जम्मा चालु दायित्व	**२,१६७,४५५**	**२,४४५,३३२**	**२,४५१,७८७**	**३,९८०,४०१**
इक्वीटी				
शेयर पूँजी				
साधारण शेयर पूँजी	१,८४५,०१९	१,८४५,०१९	१,८४५,०३०	१,८४५,०३०
रिजर्भ एण्ड सर्प्लस	३५८,०१८	६५५,७७५	७७५,१२४	९१९,०८९
जम्मा इक्वीटी	**२,२०३,०३७**	**२,५००,७९४**	**२,६२०,१५४**	**२,७६४,११९**
कुल पूँजी तथा दायित्वहरु	**७,७२४,३४७**	**८,६३८,०१८**	**९,३५४,९४९**	**१०,६३६,००६**

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.व. २०७९/०८० अपरिष्कृत (रु. हजारमा)
	आ.व २०७६/०७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
संचालन आम्दानी	२,६६९,०२६	२,९३१,९१४	२,३७४,९०८	१,७७५,२८३
विक्री लागत	(१,८८६,२४०)	(२,०४६,८७७)	(१,७९०,७०७)	(१,२१०,५६०)
जम्मा आम्दानी	**७८२,७८६**	**८७५,०३८**	**५८४,२०१**	**५६४,७२३**
अन्य आय	१,९४६	१०,००४	१८४	७३,७७५
विक्री तथा वितरण खर्च	(१९,३९४)	(९७,४५४)	(१६,८६२)	(१५,२५५)
प्रशासनिक खर्च	(१३९,४४५)	(१५८,३८४)	(१३०,२१९)	(१३५,९७५)
ह्रासकट्टी तथा परिशोधन	(११०,०१७)	(१२२,३२६)	(९३,११४)	(९१,९२२)
लगानीको वास्तविक मूल्यमा परिवर्तन	-	-	(८,१६८)	१,६४६
संचालन मुनाफा	**५१५,८७६**	**५०६,८७७**	**३३६,९४२**	**३९६,९९०**
वित्तीय लागत	(३१२,३८८)	(१८८,१६४)	(२०२,०३३)	(२३९,१६२)
वित्तीय आय	-			
कर अघिको नाफा	**२०३,४८८**	**३१८,७१३**	**१३४,९०९**	**१५७,८२८**
आयकर खर्च	-	-	-	-
आयकर प्रावधान	(४,३२१)	(१३,०३६)	(१२,००७)	(९,५२०)
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-
स्थगन कर आम्दानी/(खर्च)	(८,१७६)	(७,९२०)	(३,५५३)	(४,३४३)
यस वर्षको नाफा/नोक्सान	**१९०,९९१**	**२९७,७५७**	**११९,३४९**	**१४३,९६५**
प्रति शेयर आम्दानी	**१०.३५**	**१६.१४**	**६.४७**	**७.८**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात

विवरण	प्रक्षेपित (रु. हजारमा)		
	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
गैर चालु सम्पत्ति			
सम्पत्ति प्लान्ट र उपकरण	८,४०४,३९०	८,२१२,०९०	८,०२३,४७५
capital work in progress	-	-	-
अमूर्त सम्पत्ति	-	-	-
वित्तिय सम्पत्ति			
अन्य गैर चालु सम्पत्ति	६,४८०	६,४८०	६,४८०
जम्मा गैर चालु सम्पत्ति	**८,४१०,८७०**	**८,२१८,५७०**	**८,०२९,९५५**
चालु सम्पत्ति			
मौज्दात	१,८३७,६९७	१,८०१,९९१	१,८८३,०२१
अग्रिम भुक्तानी	१,६७१	१,६२२	१,६०२
अन्य चालु सम्पत्ति	१९०	१९०	१,११५
वित्तीय सम्पत्ति			
ऋण तथा पेश्कीहरु	१६०,५०६	१७४,१००	१८२,९९७
व्यापार प्राप्तीहरु	१,०११,९०६	१,१४२,०७७	१,१९८,९५३
अन्य वित्तीय सम्पत्ति	७,८२५	६,८५२	७,५९६
लगानी	-	-	-
नगद र नगद बराबर	१३,१६०	३७,९०८	५७,९४०
जम्मा चालु सम्पत्ति	**३,०४०,९५६**	**३,१६४,७४१**	**३,३३३,२३१**
कुल सम्पत्ति	**११,४५१,८२६**	**११,३८३,३११**	**११,३६३,१८६**
इक्वीटी			
शेयर पूँजी			
साधारण शेयर पूँजी	३,०७५,०५०	३,०७५,०५०	३,०७५,०५०
रिजर्भ एण्ड सर्प्लस	१,४५१,७६७	२,१४५,८४३	२,६२४,०५८
शेयर प्रिमियम	१,६६६,१५०	१,६६६,१५०	१,६६६,१५०
नगद लाभांश	-	(२४६,००४)	(३०७,५०५)
जम्मा इक्वीटी	**६,२००,९६६**	**६,६४१,०३९**	**७,०५७,७५३**
दायित्वहरु			
गैर चालु दायित्वहरु			
स्थगन कर दायित्व	१३५,४२७	१७५,१४३	२०५,६०३
वित्तीय दायित्वहरु			
दीर्घकालीन ऋण	३,१८६,०३४	२,९८४,५४२	२,५९२,८६२
व्यापार भुक्तानीहरु	-	-	-
प्रावधानहरु	१५,४०२	१६,६७८	१८,०१७
जम्मा गैर चालु दायित्वहरु	**३,३३६,८६३**	**३,१७६,३६३**	**२,८१६,४८२**
चालु दायित्व			
प्रावधानहरु	५६,७७५	६९,४९९	७७,५४९
वित्तीय दायित्वहरु			
चालु पूँजी कर्जाहरु	१,३०९,४०२	९२३,१११	७३३,२९९
व्यापारमा तिर्नुपर्ने	१४३,०८३	२०७,०७७	२७२,११५
अन्य वित्तीय दायित्वहरु	३४१,८९५	२८८,०२६	३१६,७६३
अन्य चालु दायित्वहरु	६२,८४२	७८,१९७	८९,११६
जम्मा चालु दायित्व	**१,९१३,९९६**	**१,५६५,९०९**	**१,४८८,९५२**
जम्मा दायित्व	**५,२५०,८५९**	**४,७४२,२७२**	**४,३०५,४३४**
कुल पूँजी तथा दायित्वहरु	**११,४५१,८२६**	**११,३८३,३११**	**११,३६३,१८६**

नाफा नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु. हजारमा)		
	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
संचालन आम्दानी	४,८९५,५५०	५,४८१,९७२	५,७५४,९७४
बिक्री लागत	३,४८१,६७८	३,७७९,१५०	३,९७२,८७९
जम्मा आम्दानी	**१,४१३,८७२**	**१,७०२,८२२**	**१,७८२,०९५**
अन्य आय	२,०००	२,२४०	२,३५१
Profitability on Sales of Limestone	१०३,६८०	११२,३२०	१२०,९६०
प्रशासनिक खर्च	२०७,४५०	१९९,०५०	२१२,७९६
बिक्री तथा वितरण खर्च	१३०,६७९	२०१,०४८	२६४,५४१
ह्रासकट्टी तथा परिशोधन	१४९,८४३	१९२,३००	१८८,६१५
लगानीको वास्तविक मूल्यमा परिवर्तन	-	-	-
संचालन मुनाफा	**१,०३१,५७९**	**१,२२४,९८४**	**१,२३९,४५४**
वित्तीय लागत	४३६,८५६	४९९,१९१	४२९,०३५
कर अघिको नाफा	**५९४,७२३**	**७२५,७९३**	**८१०,४२०**
आयकर खर्च	-	-	-
आयकर प्रावधान	-	-	-
विगत वर्षसम्मको कर व्यवस्था	-	-	५५,७४१
स्थगन कर आम्दानी/(खर्च)	५४,०४६	३९,७१६	३०,४६०
यस वर्षको नाफा/नोक्सान	**५४०,६७७**	**६८६,०७६**	**७२४,३१९**
प्रति शेयर आम्दानी	१७.५८	२२.३१	२३.५५

१४. सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।

सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औषत प्रतिफल देहाय बमोजिम छ :

नेटवर्थ

विवरण	वास्तविक (रु.)			अपरिष्कृत २०८० असाढ मसान्त	प्रक्षेपित (रु.)**		
	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९		आ.ब. २०८०/८१	आ.ब. २०८१/८२	आ.ब. २०८२/८३
चुक्ता पूँजी (रु.हजारमा)	१,८४५,०१९	१,८४५,०१९	१,८४५,०३०	१,८४५,०३०	३,०७५,०५०	३,०७५,०५०	३,०७५,०५०
रिजर्भ एण्ड सर्प्लस (रु.हजारमा)	३५८,०१८	६५५,७७५	७७५,१२४	९१९,०८९	३,१२५,९१६	३,४६५,९८९	३,९८२,७०३
कुल नेटवर्थ	**२,२०३,०३७**	**२,५००,७९४**	**२,६२०,१५४**	**२,७६४,११९**	**६,२००,९६६**	**६,६४१,०३९**	**७,०५७,७५३**
शेयर संख्या ('००० मा)	१८,४५०	१८,४५०	१८,४५०	१८,४५०	३०,७५१	३०,७५१	३०,७५१
प्रति शेयर नेटवर्थ (रु.)	**११९.४०**	**१३५.५४**	**१४२.०१**	**१४९.८१**	**२०१.६५**	**२१५.९७**	**२२९.५२**
खुद नाफा/नोक्सान	**१९०,९९१**	**२९७,७५७**	**११९,३४९**	**१४३,९६५**	**५४०,६७७**	**६८६,०७६**	**७२४,३१९**
प्रति शेयर आम्दानी (रु.)	**१०.३५**	**१६.१४**	**६.४७**	**७.८**	**१७.५८**	**२२.३१**	**२३.५५**
नेटवर्थमा प्रतिफल (%)	**८.६७**	**११.९१**	**४.५६**	**५.२१**	**८.७२**	**१०.३३**	**१०.२६**
प्रति शेयर चुक्ता पूँजी (रु.)	**१००**	**१००**	**१००**	**१००**	**१००**	**१००**	**१००**
निष्काशन पूर्व प्रति शेयर आम्दानी कायम राख्न बृद्धी हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल							**३.२१%**

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु एन.वि.एस.एम. एण्ड एसोसिएट्सद्वारा पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गरिएको छ ।

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टी हुने विवरणहरु :
१) **बिक्री आम्दानी :** संगठित संस्थाको खुद मुनाफामा आर्थिक वर्ष २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ मा क्रमश: १७५.५६ र ११.९८ र ४.९८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।
२) **कर्मचारी बोनस व्यवस्था:** संगठित संस्थाले आयकर व्यवस्था अघिको कुल नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याइएको छ ।
३) **सामाजिक उत्तर दायित्व सम्बन्धी व्यवस्था (CSR) :** संगठित संस्थाले गर्ने आयकर व्यवस्था अघिको कुल नाफाको १ प्रतिशत को रकम सामाजिक उत्तरदायित्वको लागी छुट्याईएको छ ।
४) **करको व्यवस्था :** आगामी वर्षहरुमा संगठित संस्थाले आ.व २०८०/०८१, २०८१/०८२ तथा २०८२/०८३ मा गर्ने कुल नाफाको १८ प्रतिशते दरले आयकरको व्यवस्था गरिएको छ ।
५) **कार्यगत पूँजी (Capital Work in Progress) पूँजीकरण गर्ने सम्बन्धि:** यस संगठित संस्थाले कार्यगत पूँजीलाई २०८० मंङसिर मसान्तमा पूँजीकरण गर्ने अनुमान गरिएको छ ।

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
१. कुल आयमा औसत बृद्धिदर (प्रतिशतमा)	१७५.७६	११.९८	४.९८
२. संचालन खर्च तथा कुल आम्दानी अनुपात (प्रतिशतमा)	४.२४	३.६३	३.७०
३. आयकर व्यवस्था (प्रतिशतमा)	१८.००	१८.००	१८.००
४. प्रति शेयर आम्दानी	१७.५८	२२.३१	२३.५५
५. Return on Equity (Incl. Reserves)	८.७२	१०.३३	१०.२६
६. Return on Assets	४.७२	६.०३	६.३७
७. खुद नाफा अनुपात (प्रतिशतमा)	११.०४	१२.५२	१२.५८
८. कुल नाफा अनुपात (प्रतिशतमा)	२८.८८	३१.०६	३०.९७
९. ऋण/इक्वीटी अनुपात	०.७२	०.५९	०.४७
१०. वर्तमान अनुपात (Current Ratio)	१.५९	२.०२	२.२४
११. भुक्तानी प्राप्त गर्ने अवधि (Receivable Days)	७६.०४	७६.०४	७६.०४
१२. भुक्तानी दिने अवधि (Payable Days)	५७.४३	५५.३७	६२.३०
१३. ईन्भेन्टरी टर्नओभर अनुपात	१.८९	२.१०	२.११

१५. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै, त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

क्र.सं.	नाम	शैक्षिक योग्यता	नियुक्ती मिति	अनुभव	शेयर संख्या	अन्य संगठित संस्थाको नाम	लगानी रकम (रु.)
१.	श्री निपेश तायल, प्रबन्ध संचालक	कक्षा १२ सम्म	२०७४/०९/१६	• डिजाईनिङ्ग, मार्केटिङ्ग तथा आयात व्यवसायमा संलग्न रहि सन् १९९८ मा आफ्नै ब्राण्डको एभरेष्ट साइकल सिर्जना गरिएको, • सन् २००४-२००७ सम्म Electro Appliances Pvt. Ltd. मा संस्थापकको रुपमा कार्यानुभव • ए.एन. माइनिङ्ग प्रा.लि. (खनीज उद्योग) को संचालक अध्यक्षमा विगत २ वर्ष देखि हाल सम्मको कार्यानुभव • भद्रकाली रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि. (गम रोजिन र टरपेन्टाइन आयलको निर्यातकर्ता) मा सन् २००२ देखि २०२१ सम्म संचालकको रुपमा कार्यरत रही १९ वर्षको कार्यानुभव, • एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि.मा सन् २०२० देखि संचालक अध्यक्षको रुपमा कार्यरत, • हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा वि.स. २०७७ देखि हालसम्म संचालक पदमा आवद्ध, • सोनापुर मिनरल्स् एण्ड आयल लि.मा विगत १४ वर्ष देखि संस्थापक संचालक रही हाल प्रबन्ध संचालकको पदमा रहनुभएको, • अन्य विभिन्न व्यापार व्यवसायमा २० वर्षको कार्यानुभव	४,८६१,४४४	- सोनापुर मिनरल्स् एण्ड आयल लि. - ए.एन. माइनिङ्ग प्रा.लि. - एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि. - कृष्णा बागवाणी प्रा.लि. - तिरुपती माइन्स प्रा.लि. - मुना इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. - गंगा इन्भेष्टमेन्ट प्रा.लि. - भद्रकाली रोजिन एण्ड टरपेन्टाइन इन्डिष्ट्रीज प्रा.लि. - हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि. - सोना इन्भेष्टमेन्ट प्रा.लि. - पेपरम्याक्स इन्डिष्ट्रीज प्रा.लि.	४८,६१,४४,४०० ८,००,००,००० १,५०,०३,००० ९९,००,००० २५,००,००० १,००,००० २,००,००० ५०,००,००० २५,००,००० १,००,००० ७५,००,०००
२.	श्री भिम प्रसाद पाठक, महाप्रबन्धक	कक्षा १२ सम्म	२०७१/०७/१४	• वि.स. २०६१ देखि २०६५ सम्म भद्रकाली रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि., भवानी केमिकल्स प्रा.लि., हिमाल रोजिन एण्ड टर्पेन्टाइन जडिबुटी प्रशोधन प्रा.लि.मा व्यवस्थापकीय को कार्यानुभव • वि.स. २०६५ देखि २०७० सम्म गंगा रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज, सूर्य शक्ति अक्सिजन ग्यास उद्योग, बालाजी कथ्था उद्योग प्रा.लि. मा व्यवस्थापकीय को कार्यानुभव • वि.स. २०७१ देखि सोनापुर मिनरल्स् एण्ड आयल लि.को महाप्रबन्धक रही हाल संचालकको रुपमा कार्यरत रहनु भएको। • ए.एन. माईनिङ्ग प्रा.लि. (खनीज उद्योग) को संचालक पदमा विगत २ वर्ष देखि हाल सम्मको कार्यानुभव • स्वस्तिक रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रीज प्रा.लि., एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि.मा हाल संचालकको पदमा कार्यरत रही अन्य विभिन्न व्यापार व्यवसायमा १८ वर्षको कार्यनुभव		- ए.एन. माइनिङ्ग प्रा.लि. - एभरेष्ट प्लाष्टिक ट्याङ्क एण्ड पाइप प्रा.लि. - स्वस्तिक रोजिन एण्ड टरपेन्टाइन इन्डष्ट्रीज प्रा.लि.	२००,००,००० १,२७,४८,५०० ५०,००,०००
३.	श्री विनोद कुमार कार्यकारी प्रमुख-प्लाण्ट	एम.एस.सी	फेब्रुअरी २०१३	**जम्मा २३ वर्ष कार्य अनुभव :** • अगस्ट १९९९ देखि जुलाई २००१ सम्म कृष्ण साई सिमेन्ट्स विजयवाडामा केमिष्ट • जुलाई २००१ देखि अगस्ट २००७ सम्म मारुती सिमेन्ट्स लि. मा वरिष्ठ केमिष्ट • सेप्टेम्बर २००७ देखि जुलाई २०१० सम्म जे.के. लक्ष्मी सिमेन्ट को वि.एम.टी. अथवा ए डिभिजनमा प्रमुख केमिष्ट • अगस्ट २०१० देखि डिसेम्बर २०१३ सम्म हिल्स सिमेन्ट लिमिटेड मा प्रबन्धक • फेब्रुअरी २०१३ देखि हालसम्म सोनापुर मिनरल्स् एण्ड आयल लि. मा वरिष्ठ प्रबन्धक रही हाल कार्यकारी प्लान्ट प्रमुख		-	-
४.	श्री कृष्ण नन्द दुवेदी, वरिष्ठ प्रबन्धक-उत्पादन विभाग	स्नातक (वि.एस.सी)	२०७४/०८/२५	• सन् १९८६, जुन देखि १९९८, जुन सम्म Dhar Cement Ltd. मध्येप्रदेश, भारतमा Trainee & Sr. Burner पदमा कार्य गरेको, • सन् १९९८, जुलाई देखि २००५, जुलाई सम्म Shiwa Cement Ltd. ओरिस्सा, भारतमा Sr. Burner & Dy.Chief Burner पदमा कार्य गरेको, • सन् २००५, मार्च देखि २००६, जुलाई सम्म मारुती सिमेन्ट, सिराहा, नेपालमा Dy.Chief Burner पदमा कार्य गरेको, • सन् २००६, सेप्टेम्बर देखि २०१८, फेब्रुअरी सम्म Khyber Cement, जम्मु, कस्मिरमा प्रबन्धक तथा वरिष्ठ उत्पादन प्रबन्धक पदमा कार्य गरेको, • सन् २०१८ देखि हालसम्म सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडमा वरिष्ठ प्रबन्धक पदमा आवद्ध ।		-	-
५.	रमेश राउत- सेल्स एण्ड मार्केटिङ हेड	बि.बि.एस	२०७०/०२/१०	**जम्मा १३ वर्ष कार्य अनुभव :** • वि.स. २०६५ देखि २०६७ सम्म नारायणी रोलिङ मिल्स प्रा.लि. मा लेखा अधिकृतको दुई वर्षको कार्यनुभव • वि.स. २०६७ देखि २०७० सम्म जी.जी. ग्लोबल प्रा.लि.मा २.५ वर्षको कार्यानुभव • वि.स. २०७० देखि हालसम्म सोनापुर मिनरल्स् एण्ड आयल लि.मा सेल्स एण्ड मार्केटिङ हेडको रुपमा कार्यरत रही कार्य गरिरहेको		• - एस.आर.एम.फेब कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. • - सोना केरियर्स एण्ड प्रिफेब्रीकेशन प्रा.लि.	२५,००,००० १०,००,०००
६.	श्री सुभाष अर्याल वरिष्ठ प्रबन्धक-लेखा	एम.बि.ए. (पूर्वाञ्चल यूनिभर्सिटी)	२०७४/०५/२८	• सन् २०१२ देखि २०१४ सम्म AWE Courier and Cargo Pt. Ltd. मा वरिष्ठ लेखापालको कार्यानुभव, • सन् २०१२ देखि २०१४ सम्म Apex Worldwide Express Pvt. Ltd. मा कार्यकारी लेखापालको कार्यानुभव, • सन् २०१४ देखि २०१७ सम्म त्रिशक्ति केबल इन्डष्ट्रिज प्रा.लि.मा वरिष्ठ लेखा प्रबन्धकको कार्यानुभव, • सन् २०१७ देखि हालसम्म सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडमा वरिष्ठ प्रबन्धक-लेखा पदमा आवद्ध ।		- स्पिन वील टायर्स प्रा.लि. - सोना केरियर्स एण्ड प्रिफेब्रीकेशन प्रा.लि.	३५,७५,००० १०,००,०००

माथि उल्लेखित उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी नभएको तथा माथि उल्लेख गरिएको बाहेक अन्य कुनै संगठित संस्थामा लगानी नगरेको ।

१६. अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

अन्तर्निहित जोखिम र सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) वित्तीय साधनको अभाववाट हुने जोखिम :
- सञ्चालनमा आईसकेको हुँदा उद्योग क्षेत्रमा वित्तीय जोखिम नरहेको ।
- देशमा असहज परिस्थिती उत्पन्न भई उत्पादित वस्तुले बजार प्राप्त नगरेको अवस्थामा हुने सक्ने वित्तीय जोखिम ।
- संस्थामा आवद्ध संस्थापक शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भैसकेको र बैंकबाट उत्पादन क्षमता वृद्धि परियोजनाको लागि आंशिक रुपमा दीर्घकालीन तथा ब्रीज ग्याप ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट अन्य जोखिम नहुने ।

(ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम :
- सिमेन्ट उद्योगका लागि आवश्यक कच्चा पदार्थ पाईने स्थानमा अप्रत्यासित रुपमा वातावरणीय परिवर्तन भई चुनढुङ्गा उत्खनन् कार्यमा समस्या हुन गएमा हुने जोखिम ।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थहरु जस्तै: जिप्सम, आईरनओर, फ्लाइएस, माटो, प्याकिङ्ग मेटेरियल्स लगायतका कच्चा पदार्थहरु आदिको भविष्यमा अभाव हुन गएमा हुने जोखिम ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- दैवि प्रकोप वा अन्य असामान्य परिस्थिती श्रृजना भई उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन नसकिने अवस्था आएमा हुन सक्ने जोखिम ।
- अन्य सिमेन्ट उद्योगहरुले समेत गुणस्तरीयलाई वृद्धि गरेको अवस्थामा प्रतिष्पर्धाले हुन सक्ने जोखिम ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम : उद्योगले वि.स. २०६९ देखि आफ्नो उत्पादन शुरु गरी हालसम्म नियमित रुपमा वर्ष भरी उत्पादन गरि विक्री वितरण गरिरहेको छ । काबु वाहिरको परिस्थिती सिर्जना भए बाहेक हाल संचालित उत्पादन क्षमता वृद्धि परियोजना उद्योगले निर्धारित गरेको अवधि भित्र सम्पन्न गरे मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम नरहेको ।

(ङ) विदेशी विनिमयको जोखिम : उद्योगका लागि आवश्यक पर्ने पदार्थ कोइला दक्षिण अफ्रिका, अष्ट्रेलिया लगायतका देशहरुबाट अमेरिकी डलरमा आयात गरिने हुँदा विदेशी विनिमय परिवर्तन भएमा त्यसको असर पर्न जाने ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु : हालसम्म संगठित संस्थाले सम्पूर्ण कानूनी प्रक्रियाहरु पुरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरिसकेको हुनाले उक्त विषयमा भविष्यमा कुनै उल्लेख्य अवरोध पर्ने नदेखिएको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारमा हुने उतार-चढावले नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु :
१. अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी भएको अवस्थामा सिमेन्टको मूल्य परिवर्तनमा हुन सक्ने जोखिम ।
२. विश्व बजारमा यस कम्पनीको हिस्सा कम भएको कारणले विश्वव्यापीकरणबाट हाम्रो व्यवसायमा कुनै नोक्सानी व्यहोर्नुपर्ने अवस्थामा यस कम्पनीको जोखिम धेरै न्यून हुने अनुमान गरेका छौं ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
१. कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा उत्पादनको लागत बढ्न सक्ने हुने जोखिम रहेको ।
२. उद्योग विभाग एवं अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र क्षेत्र एवं यस कम्पनीलाई समेत असर पर्न जाने हुनसक्छ । हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको परिपालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नीति तथा नियमहरुको परिवर्तनबाट ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं ।
३. मुद्रा निर्मलीकरण रोकथामका लागि नेपाल सरकारबाट समय समयमा जारी गर्ने एवं परिवर्तन हुने नीति नियमहरु पालना गर्न हामी प्रतिवद्ध रहेको छौं । सो का लागि हामीले आवश्यक संयन्त्र विकास गरि कर्मचारीहरुलाई तालिम मार्फत सक्षम बनाउने नीति लिएका छौं ।

(झ) सञ्चालन इतिहासको अभाव :
- यस संगठित संस्थाले वि.सं. २०६५ साल देखी आफ्नो आधारभूत कार्य संचालन गरेकाले हालसम्मको अवधिमा उचित मात्रामा अनुभव हासिल गरेकोले संचालन इतिहासको अभावबाट हुने जोखिम न्युन रहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- संगठित संस्थाले सिमेन्ट उत्पादनका लागि प्रयोग गरेको HRP प्रविधि र क्लिङ्करका लागि जडान पश्चात् गरिने VRM प्रविधि विश्वस्तरीय स्टयाण्डर्डको रहेको तर विश्वव्यापि रुपमा नै नयाँ प्रविधिहरुको विकास भई नयाँ प्रविधि अनुसार उत्पादन गर्नुपर्ने अवस्थामा हुने जोखिम ।

(ट) पूर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम : पूर्वाधार सम्बन्धी निर्माण सम्पन्न भैसकेकोले उक्त जोखिम नरहेको ।

(ठ) अन्य : निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा जोखिम बहन गर्ने क्षमता एवं व्यावसायिक, आर्थिक एवं संचालन नतिजामा असर पर्न जानेछ ।
- देशको राजनीतिक अस्थिरतावाट पर्ने जोखिम ।
- प्राकृतिक प्रकोप (जस्तैः भुकम्प, बाढी/पहिरो आदी) को कारणबाट व्यवसायमा हुने जोखिम ।

यस संस्थाले पहिचान गरेका सम्भाव्य जोखिमहरु व्यवस्थापन तथा न्यूनिकरण गर्न आवश्यकता अनुसार छलफल गर्दै आवश्यक न्यूनिकरणका उपायहरु अवलम्बन गर्दै आएको ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्युन वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
कम्पनीले वितरकको नियुक्ती कानून बमोजिम गरी नियुक्त गर्ने गरिएको र वितरकहरुलाई उधारोमा सामान बिक्री गर्दा हुन सक्ने जोखिमलाई ध्यानमा राखी कमर्शियल बैंकहरुबाट कम्पनीको पक्षमा ग्राहकहरुसँग उधारोमा बिल जारी गर्नु पूर्व कम्पनीको नाममा खिचिएको चेक प्राप्त गरेपछि मात्र सामान लोड गरि पठाउने व्यवस्था मिलाई बिक्री भएको सामानको रकम प्राप्त नहुने जोखिम न्यूनिकरण गरिएको । सम्भावित जोखिम व्यवस्थापनका लागि कम्पनीले अवलम्बन गरेका सिद्धान्तहरु निम्न उल्लेखित छन् :
- जोखिम र प्रतिफल बीच सन्तुलन ।
- अनुशासित र संयमित जोखिम बहन ।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।

कम्पनीले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले कम्पनीको जोखिमलाई पूर्ण रुपमा निर्मुल पार्न नसकेतापनि न्यूनिकरण गर्न सफल हुने विश्वास लिएका छौं । साथै, यस कम्पनीको भौतिक सम्पत्तिहरुको विभिन्न (आगलागी, चट्याङ्ग, भुकम्प, हुरीवतास, बाढी तथा जलमग्न, हूलदङ्गा, आतंकवाद रिसइवीपुर्ण कार्य) जोखिम बहन गर्ने गरी देहाय बमोजिम बीमाको व्यवस्था गरेको छ :

क्र.स.	बीमालेखको प्रकार	बीमालेख शुरु मिति	बीमालेख समाप्ति मिति	बीमा गरिएको रकम (रु.)	प्रिमियम भुक्तानी गरिएको रकम (रु.)	बीमा कम्पनीको नाम
१	सम्पत्ति बीमालेख *	१८/०७/२०२३	१७/०७/२०२४	४,७८६,६००,०००/-	१०,००६,४०९/९०	नेको इन्सुरेन्स लिमिटेड
२	सामुहिक दुर्घटना बीमालेख (GPA)	१८/०९/२०२२	१७/०९/२०२३	२४७,५००,०००/-	३,७१,७२०/-	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००/- दरमा प्रिमियम वापत रु.१२५/- थप गरी प्रति शेयर जम्मा मूल्य रु.२२५/- का दरले उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि र सर्वसाधारणहरुका लागि प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१३७/५८ थप गरी प्रति शेयर जम्मा मूल्य रु.२३७/५८ कायम गरिएकाले निष्काशनमा सूचीकरण पश्चात् धितोपत्रको दोश्रो बजारमा हुने कारोबारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१७. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको शेयर मध्ये सर्वसाधारणलाई निष्काशन गरिने १,०२,२४,५४२ कित्ता शेयर प्रिमियम मूल्य सहित तत्कालिन प्रावधान मुताविक प्रत्याभूति गर्न लागि तपशिल बमोजिमका प्रत्याभूतिकर्ताहरुबाट प्रत्याभूति सेवा प्रदान गरिएको छ :

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभूत शेयर संख्या	प्रत्याभूत रकम (रु.)
१	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड	२,५७९,४३१	६४४,४४५,०४१.०४
२	ग्लोबल आइएमई क्यापिटल लिमिटेड	२,४४१,५३०	६१०,००१,५४८.८०
३	ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१	४००,२६०	१००,०००,९५८.४०
४	सिभिल क्यापिटल मार्केट लिमिटेड	१,२००,७६९	३००,०००,१२६.९६
५	माछापुच्छ्रे क्यापिटल लिमिटेड	८००,५१२	१९९,९९९,९१८.०८
६	सानिमा क्यापिटल लिमिटेड	१,८४३,०००	४६०,४५५,९२०.००
७	सानिमा इक्वीटी फण्ड	६९०,०००	१७२,३९८,६००.००
८	सानिमा ग्रोथ फण्ड	२६९,०००	६७,२०६,९६०.००
	जम्मा	१०,२२४,५४२	२,५५४,४९९,५७३.२८

१८. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताहरुले प्रत्याभूति सम्बन्धी सम्झौतापत्रमा भएको शर्त बमोजिम खरिद गर्नेछन् ।

ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित) मा भएको व्यवस्था अनुसार उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई शेयर बाँडफाँड गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । तर आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय बासिन्दा, वैदेशिक रोजगारमा रहेका नेपाली तथा अन्य सर्वसाधारणहरु) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरण अनुरुप सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँड पश्चात् निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकाले ब्याज दिनु नपर्ने ।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि : स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचिकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) धितोपत्र सुचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सुचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : निष्काशन गरिने साधारण शेयर हालसम्म नेपाल स्टक एक्सचेन्जमा सुचिकरण भैनसकेको ।

च) धितोपत्र सुचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : हाल सम्म नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भइ नसकेको हुँदा यस सार्वजनिक निष्काशन गरिने शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित नियमानुसार सूचिकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय

कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ :
१. सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडको रजिष्टर्ड कार्यालय, वडा नं.०९, वत्तिसपुतली, काठमाडौं वा वेबसाइट : www.sonacement.com
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं वा वेबसाइट : www.niblcapital.com

२०. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. ०९, काठमाडौं र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखि प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरिदका लागि दरखास्त दिँदा उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर प्रिमियम मूल्य सहित प्रति शेयर रु.२२५/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरी नियमानुसार दरखास्त दिनुपर्नेछ । उद्योग प्रभावित क्षेत्र बाहेकका सर्वसाधारणहरुले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर प्रिमियम मूल्य सहित प्रति शेयर जम्मा मूल्य रु.२३७/५८ का दरले सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता र अधिकतममा १० अङ्कको गुणाङ्कमा १५,००,००० (पन्ध्र लाख) कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन् ।

२१. आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु:

उद्योग प्रभावित क्षेत्रको स्थानीय बासिन्दाहरुको हकमा : उद्योग प्रभावित क्षेत्र दाङ्ग र रोल्पा जिल्लाका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सक्नेछन् ।
१. तोकिएका संकलन केन्द्र मार्फत आवेदन दिन चाहने आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो, दाङ्ग तथा रोल्पा जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित (स्वयं प्रमाणित गरी) दरखास्त फाराम बुझाउनु पर्नेछ ।
२. हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरु मार्फत पनि आवेदन फाराम प्राप्त गर्न तथा बुझाउन सक्नेछन् । यसरी आवेदन फाराम बुझाउँदा आवेदकले दाङ्ग तथा रोल्पा जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत सो नागरिकताको प्रमाणपत्र दाङ्ग तथा रोल्पा जिल्लाबाट जारी भए/नभएको रुजु गरेर मात्र आवेदन फाराम स्वीकार गर्नुपर्नेछ ।
३. १६ वर्ष भन्दा कम उमेरका स्थानीयले आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ । आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भएमा नाबालक वा विक्षिप्त व्यक्तिको नाममा लिखत कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
४. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्रको स्विकृती प्राप्त भएको मिति भन्दा अगावै दाङ्ग तथा रोल्पा जिल्लामा स्थायी रुपमा बसाई-सराई गरी वा विवाह गरी आएका तथा सो मितिसम्ममा दाङ्ग तथा रोल्पा जिल्लामा बसाई गरेका स्थानीयहरुले यस निष्काशनमा आवेदन गर्न सक्नेछन् । यसैलाई आधार मानी सो मिति पूर्व अन्य जिल्लाबाट विवाह भै आएका महिला तथा बसाई सराई गरी आएका व्यक्तिहरुको हकमा मिति खुलेको विवाहदर्ता प्रमाणपत्र वा बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।
५. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृत प्राप्त भएको मिति भन्दा अगावै अन्य जिल्लाबाट विवाह गरी आएका वा बसाइ सराइ गरी दाङ्ग तथा रोल्पा जिल्लामा आएका व्यक्तिहरुले यस निष्काशनमा सि-आस्वा मार्फत शेयर खरिदका लागि आवेदन दिँदा निजहरु दाङ्ग तथा रोल्पा जिल्लाको स्थानीय भन्ने पुष्टि नहुने भई निजहरुको आवेदन अस्वीकृत हुने हुँदा निजहरुले तोकिएको संकलन केन्द्र मार्फत मात्र बसाई सराई वा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरी भौतिक रुपमा नै आवेदन गर्नुपर्नेछ ।
६. माथि उल्लेखित स्थानीय बासिन्दाको सम्बन्धमा वा शेयर खरिद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलीय संयन्त्रको निर्णयलाई सिफारिस-पत्र बमोजिम हुनेछ ।
७. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्विकृती प्राप्त भएको मिति भन्दा अगावै १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य जिल्लामा गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
८. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।
९. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
१०. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गर्नुपर्नेछ । दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त बुझाएको फारामलाई रद्द गरिनेछ ।
११. उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन् ।
१२. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य बैंक तथा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१३. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिँदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१४. रु. ५,००,०००/- सम्मका लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ । ५ लाख रुपैंया भन्दा बढी रकम आवेदकले आफुले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :
१. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिँदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
२. निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
३. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।
४. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरुले न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा निष्काशित शेयरको हदसम्मका लागि आवेदन दिन सकिनेछ ।

२२. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण : सर्वसाधारणको लागि शेयरको सार्वजनिक निष्काशन (Initial Public Offering) बाट प्राप्त हुने पूँजीको उपयोग देहाय बमोजिम गरिनेछ :

निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र	छुट्याइएको रकम (रु.)
प्राईम कमर्सियल बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	३७७,९७९,७९७.९८
नविल बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	८४,१७५,०८४.१८
सिटिजन्स बैंक इन्टरनेशनल लि. को चालु पूँजी कर्जा भुक्तानी	५३,२४०,७४०.७४
माछापुच्छ्रे बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	१२,८३६,७००.३४
सिद्धार्थ बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	४८,१४८,१४८.१५
कुमारी बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	१३१,५५१,५८१.८५
सनराईज बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	९,३९३,९३९.३९
ग्लोबल आईएमइ बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	१६१,१७८,४५१.१८
प्रभु बैंक लि. को चालु पूँजी कर्जा भुक्तानी	१२१,१९५,२८६.१९
कम्पनीको चालु पूँजी प्रकृति सम्पत्ति जस्तै: चुनढुङ्गाको उत्खनन् तथा खरिद, अन्य सम्पूर्ण कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल, कोइला र इन्धनको खरिद/पैठारी गरी मौज्दात कायम गर्न लगानी गर्ने	८९६,१६९,७३८.३६
हाल संचालित उत्पादन क्षमता वृद्धि परियोजनाको दायित्वहरुको भुक्तानी गर्न, चालु दायित्व अन्तर्गतका सप्लायर्सहरुलाई भुक्तानी गर्न लगायत युसान्स तथा साइट प्रतितपत्रको सम्बन्धित दायित्वहरु भुक्तानी गर्न	१,०००,०००,०००.००
जम्मा	**२,८९६,१६९,७३८.३६**

२३. निष्काशन बैंक (Banker to the Issue) :

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाता नम्बर
१	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ	०३६०१०४०२६५२५६

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२४. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थान
१	सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड, वडा नं. ०९, काठमाडौं र वेबसाइट www.sonacement.com
२	एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.niblcapital.com
३	नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ ।

दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

उद्योग प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सि-आस्वा (C-ASBA) प्रणालीबाट आवेदन दिन असमर्थ उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका संकलन केन्द्रहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., लमही शाखा, दाङ्ग	सिटिजन इन्टरनेशनल बैंक, बङ्गलाचुलि शाखा, दाङ्ग	कुमारी बैंक लि. सुलिचौर, रोल्पा
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., घोराही शाखा, दाङ्ग	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, नारायणपुर शाखा, दाङ्ग	ग्लोबल आईएमई बैंक लि. होलेरी, रोल्पा
प्राइम कमर्सियल बैंक लि., तुलसीपुर शाखा, दाङ्ग	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., जुङ्गार शाखा, रोल्पा	ग्लोबल आईएमई बैंक लि. लिवाङ्ग, रोल्पा

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२५. धितोपत्र बिक्री खुल्ला अवधि

यस विवरणपत्र मार्फत प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ । जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरिएको शेयर बाँडफाँड गरे पश्चात् सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको आह्वानपत्र प्रकाशित गरिनेछ ।

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि अनुपालन अधिकृत श्री सुभाष पौडेल ज्युलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४४२५२८० (एक्सटेन्शन: ४१६) मा सम्पर्क गर्न सकिनेछ ।

२७. दरखास्त फारामको नमुना :


दरखास्त फारामको नमुना

नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित
SONAPUR सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
SONAPUR MINERALS AND OIL LIMITED

प्रति दरखास्त फाराम रु.१/-

हालसालै खिचिएको पासपोर्ट साईजको फोटो (अनिवार्य)

दरखास्त दिनुपर्ने न्युनतम शेयर : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर : १५,००,००० कित्ता

उद्योग प्रभावित क्षेत्र दाङ्ग र रोल्पा जिल्लाका स्थानीय बासिन्दाहरुको लागि मात्र

साधारण शेयर खरीद दरखास्त फाराम

मार्फत एनआइएमबि एस क्यापिटल लिमिटेड

कोड नं.

श्री सञ्चालक समिति,
सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
काठमाण्डौ महानगरपालिका वडा नं. ९, काठमाण्डौ, नेपाल ।

हितग्राही खाता नं. DP ID Client ID

Sources of Fund (For Rs. 0.5) million and above as per Directive issue by SEBON

Mr./Mrs./Miss/Minor USE CAPITAL LETTER

Permanent Address | Lumbini Province | District | Rural / Municipality | Ward No.

Tel No. | E-mail | Mobile No. | PAN NO. | P.O.Box No. | P.O.Box District

Father's Name | Grandfather's Name | Husband/ Wife's Name | Guardian's Name (In case of Minor)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

रसिद — दरखास्तवालाले भर्नुपर्ने

Applicant's Name :
Company's Name : SONAPUR MINERALS AND OIL LIMITED
No. of Share Applied | Call Money per share Rs. 225/- | Amount Deposited (Rs.)
Amount in words:

For Official use Only:
Received by:
Name:
Signature:
Date: 2080/ /
Stamp
Code No.:
हितग्राही खाता नं. DP ID Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स : +९७७-१-४००५०८४
Email : info@niblcapital.com, Website : www.niblcapital.com